विज्ञापन गराउन सम्पर्क गर्नुहोस् ।

यस खबर दर्पण दैनिक पत्रिकामा आफ्नो पसल, व्यापारिक प्रतिष्ठान, उद्योग, संघ संस्था, लगायतको प्रचार प्रसारको लागि अवश्य सम्पर्क गर्नुहोस् ।

सम्पर्क नं. : ९८४४०२५१८४, ९८०७६७५१२५, ९८५४०२९०५३, ९८०७८५०५८१, ९८६३६३२९८९

KHABAR DARPAN PRIMARY
CURRENT ACCOUNT • 2337087445300018

तपाई जुन सुकै ठाउँमा भए पनि हामीलाई सामग्री पठाएर । विज्ञापन वापतको रकम जम्मा गरेको स्क्रिनसट पठाउनुस् । हामी विज्ञापन गरी दिन्छौं ।

सधै र सबैको लागि खबर खोज्ने अभियान

# खबर दर्पण

Khabar Darpan National Daily

राष्ट्रिय दैनिक

♦ वर्ष ९ ♦ अंक ३४० ♦ २०८३ साल भदौ १६ मंगलवार ♦ 1 Sep 2026 ♦ पृष्ठ ४ ♦ मुल्य रु. ५ ♦ www.shirishnews.com

## रसुवा बाढीको छैटौं दिन: ११ हजार ३७९ जनाको उद्धार, १३९ शव फेला

**खबर दर्पण समाचारदाता**

**भदौ १५ गते, बर्दिवास**



रसुवाको भोटेकोशी नदीमा आएको भीषण बाढीपछि सरकारले खोज, उद्धार, उपचार, राहत तथा प्रभावित नागरिकको सुरक्षित व्यवस्थापनलाई तीव्रता दिएको जनाएको छ ।

बाढी आएको छैटौं दिनसम्म आइपुग्दा प्रभावित रसुवा, नुवाकोट र धादिङमा सुरक्षा निकायसहित विभिन्न सरकारी तथा गैरसरकारी निकाय परिचालन गरी उद्धार र राहतका काम जारी रहेको प्रधानमन्त्री वालेन्द्र शाहले बताएका छन् ।

प्रधानमन्त्री शाहले सामाजिक सञ्जालमार्फत सार्वजनिक गरेको विवरणअनुसार बाढी प्रभावित क्षेत्रबाट हालसम्म ११ हजार ३७९ जनाको उद्धार गरिएको छ । अझै ३ हजार ९२५ जना सम्पर्कविहीन रहेको र सम्पर्कविहीनको संख्या खोज तथा उद्धारका क्रममा घटबढ भइरहेको जनाइएको छ ।

उद्धार गरी विभिन्न अस्पतालमा भर्ना गरिएका २७९ जना घाइतेमध्ये १६८ जना उपचारपछि डिस्चार्ज भइसकेका छन् । बाँकी घाइतेको उपचार भइरहेको सरकारले जनाएको छ ।

प्रधानमन्त्री शाहले विपद्को समयमा आफ्नो ज्यानको समेत पर्वाह नगरी प्रभावित क्षेत्रमा खटिएका नेपाली सेना, नेपाल प्रहरी, सशस्त्र प्रहरी बल, राष्ट्रसेवक कर्मचारी, सञ्चारकर्मी, स्वयंसेवक तथा विभिन्न संघसंस्थाको भूमिकाको प्रशंसा गरेका छन् ।

उनले प्रदेश तथा स्थानीय सरकार, मित्रराष्ट्र र स्वदेशी तथा विदेशी संघसंस्थाबाट प्राप्त सहयोगप्रति समेत आभार व्यक्त गरेका छन् ।

### ३ हजार ६९६ प्रभावितसम्म राहत

सरकारले खोज तथा उद्धारसँगै प्रभावित नागरिकका लागि राहत संकलन र वितरणलाई पनि प्राथमिकतामा राखेको जनाएको छ । काठमाडौंलगायत देशका विभिन्न स्थानबाट संकलित राहत सामग्री प्रभावित क्षेत्रमा पुऱ्याउने काम भइरहेको छ ।

सरकारी सुरक्षाकर्मीले हवाई तथा सडकमार्गबाट राहत सामग्री प्रभावित क्षेत्रसम्म पुऱ्याइरहेका छन् ।

रसुवा, नुवाकोट र धादिङमा रहेका चार वटा संकलन केन्द्रबाट संकलित सामग्री २७ वटा वितरण केन्द्रमार्फत ३ हजार ६९६ जना प्रभावित नागरिकसम्म पुऱ्याइएको प्रधानमन्त्री शाहको भनाइ छ । प्रदेश तथा स्थानीय सरकार पनि संघीय सरकारसँगको समन्वयमा राहत तथा आश्रय व्यवस्थापनमा सक्रिय रहेको जनाइएको छ । र ाहत संकलन र वितरण प्रभावकारी भए-नभएको अनुगमन गर्न सर कारका सचिवालय सदस्य तथा कर्मचारीलाई समेत प्रभावित क्षेत्रमा परिचालन गरिएको छ ।

भारत, चीन, अमेरिका, संयुक्त अरब इमिरेट्स, कतार, जापान, स्वीट्जरल्याण्ड र अष्ट्रेलियालगायत मित्रराष्ट्रबाट राहत तथा अन्य सहयोग प्राप्त भइरहेको सरकारले जनाएको छ ।

### राहत कोषमा ५ अर्ब ८७ करोडभन्दा बढी

बाढी तथा विपद् प्रभावितका लागि आर्थिक सहयोग जुटाउने अभियान पनि जारी छ ।

प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयले सञ्चालन गरेको 'उद्धार अनुरोध पोर्टल'मार्फत स्वदेश तथा विदेशबाट प्राप्त सहयोगको विवरण सार्वजनिक भइरहेको जनाइएको छ ।

प्रधानमन्त्री राहत कोषमा सोमबार मध्यान्हसम्म नौ वटा वाणिज्य बैंकका खातामा ५ अर्ब ८७ करोड ९२ लाख २३ हजार ८४२ रुपैयाँ जम्मा भएको छ ।

यस्तै, हिमालयन बैंक र लक्ष्मी बैंकमा ३१ लाख ९३ हजार २३८ अमेरिकी डलर जम्मा भएको सरकारले जनाएको छ ।

विभिन्न देश तथा संघसंस्थाले थप आर्थिक सहयोग गर्ने प्रतिबद्धता जनाइरहेको पनि प्रधानमन्त्री शाहले उल्लेख गरेका छन् ।

### त्रिशूलीपारि सडक सम्पर्क पुनःस्थापित

बाढीका कारण सडक सञ्जालबाट अलग भएको नुवाकोटको त्रिशूलीपारिको भू-भाग पुनः सडक सम्पर्कमा जोडिएको छ ।

गल्छी-त्रिशूली राजमार्गअन्तर्गत त्रिशूली नदीको दायाँ किनार हुँदै कल्लेरीटार, कोशीखोला, पिपलटार, दर्शनटार, छत्रेखोला र गौरीबेंसी हुँदै त्रिशूली बजारसम्म पुग्ने सडक सञ्चालनमा ल्याइएको हो ।

सडक सञ्चालनमा आएसँगै नुवाकोटका ठूलो संख्याका नागरि कलाई सदरमुकामसँग पुनः प्रत्यक्ष सडक पहुँच स्थापित भएको सरकारले जनाएको छ ।

यसबाट उद्धार, राहत सामग्री वितरण र अत्यावश्यक वस्तुको आपूर्तिमा सहज हुने विश्वास गरिएको छ ।

तर, रसुवा, नुवाकोट र धादिङका विभिन्न स्थानमा पुल भत्किएकाले आवागमनमा अझै चुनौती कायम छ । सरकारले अस्थायी पुल निर्माणलाई प्राथमिकतामा राखेको छ ।

सरकारसँग ४८ मिटर लम्बाइका ६ वटा र ७० मिटर लम्बाइको एउटा बेलिब्रिज रहेको जनाइएको छ । देवीघाटको तादी नदी, त्रिशूली बजार र बेत्रावती बजारमा बेलिब्रिज जडानका लागि अध्ययनसमेत भइसकेको छ ।

भारत सरकारले २३० फिट लामो एकल लेनको मोडुलर स्टिल ब्रिज उपलब्ध गराएको छ भने थप सात वटा बेलिब्रिज पठाउने प्रतिबद्धता जनाएको छ । चीन सरकारले समेत ३० वटा बेलिब्रिज उपलब्ध गराउने तयारी गरेको सरकारले जनाएको छ ।

### रसुवामा ३० प्रतिशत घरधुरीमा विद्युत्

बाढीबाट क्षतिग्रस्त विद्युत् संरचनाको पुनःस्थापना पनि तीव्र पारिएको छ ।

रसुवाको कालिकास्थान, नौकुण्डका केही भाग, गोसाइँकुण्ड गाउँपालिका-५ र ६ का केही क्षेत्र तथा सदरमुकाम धुन्चेसहित जिल्लाका करिब ३० प्रतिशत घरधुरीमा विद्युत् सेवा पुनः सञ्चालन भएको छ ।

आमाछोदिङ्मो गाउँपालिकाका केही क्षेत्रमा सान्जेन जलविद्युत् आयोजनाबाट छुट्टै प्रणालीमार्फत विद्युत् सञ्चालन गर्ने तयारी भइरहेको छ ।

जिल्लाका विद्युत् पहुँचबाट बाहिर रहेका क्षेत्रमा वैकल्पिक ऊर्जाका रूपमा ५०० थान पोर्टेबल सोलार पठाइएको छ ।

नुवाकोटमा बाढीका कारण अवरुद्ध विद्युत् सेवामध्ये ८५ प्रतिशत क्षेत्रमा पुनःस्थापना भइसकेको छ ।

बाँकी १५ प्रतिशत क्षेत्रमा आगामी पाँच दिनभित्र विद्युत् सेवा सञ्चालन गर्ने लक्ष्यका साथ काम भइरहेको सरकारले जनाएको छ ।

धादिङमा भने विद्युत् सेवा पुनःस्थापनाको काम अझ अघि बढेको छ । पृथ्वीराजमार्ग आसपास गजुरी, आदमघाट, मलेखु, जहरे र मौवाखोलासम्मको क्षेत्र प्रभावित भए पनि आदमघाटको केही क्षेत्रबाहेक जिल्लाको ९८ प्रतिशत क्षेत्रमा विद्युत् सेवा पुनःस्थापित भइसकेको छ । बाँकी क्षेत्रमा दुई दिनभित्र विद्युत् सेवा सञ्चालन गर्ने लक्ष्य राखिएको छ ।

### टेलिकमका ११० र एनसेलका ७५ टावर सञ्चालनमा

बाढीका कारण अवरुद्ध सञ्चार सेवा पनि अधिकांश स्थानमा पुनःस्थापित भएको सरकारले जनाएको छ ।

नेपाल टेलिकमका कुल १२० बिटिएसमध्ये ११० वटा र एनसेलका ७८ मध्ये ७५ वटा टावर सञ्चालनमा आइसकेका छन् । बाँकी क्षेत्रमा पनि सञ्चार सेवा पुनःस्थापनाको काम भइरहेको छ ।

### जलविद्युत् आयोजनामा उद्धार तीव्र

बाढीका कारण विभिन्न जलविद्युत् आयोजना प्रभावित भएपछि त्यहाँ कार्यरत जनशक्तिको खोज तथा उद्धारलाई सरकारले विशेष प्राथमिकता दिएको छ ।

नेपाली सेनाले विभिन्न जलविद्युत् आयोजनाबाट हालसम्म २७९ जनाको उद्धार गरेको जनाएको छ । आयोजनाका सुरुङभित्र समेत खोजी तथा उद्धार अभियान जारी छ ।

रसुवागढी जलविद्युत् आयोजनाबाट नेपाली सेनाले दुई जनाको उद्धार गरेको छ । चिनियाँ र नेपाली सेनाको संयुक्त टोलीले आयोजनाको सुरुङको भित्री भागसम्म खोजी गरे पनि थप मानिस नभेटिएपछि टोली फर्किएको जनाइएको छ ।

लाङटाङ खोला र चिलिमे जलविद्युत् आयोजनाका सुरुङको मुख खोल्ने काम नेपाली सेनासँगै भारतीय उद्धार टोली र नेपाली सहयोगीको सहभागितामा भइरहेको छ ।

मैलुङ खोला जलविद्युत् आयोजनाबाट नौ जनाको उद्धार गरिएको छ भने माथिल्लो त्रिशूली-१ जलविद्युत् आयोजनाबाट २५४ जनाको उद्धार भइसकेको छ ।

उक्त आयोजनाको सुरुङमा अझै खोज तथा उद्धारको प्रयास जारी छ । नेपाली सेनासँगै कोरियन र चिनियाँ टोलीसमेत खोजीमा संलग्न छन् ।

नुवाकोटको माथिल्लो त्रिशूली-३ ए जलविद्युत् आयोजनाको सुरुङमा

*बाँकी पृष्ठ ३ मा*

# निधिले व्यक्तिगत तर्फबाट गरे १ लाख १ हजार १०१ रुपैयाँ सहयोग



**खबर दर्पण समाचारदाता**
**भदौ १५ गते, जनकपुरधाम**

नेपाली कांग्रेसका पूर्वउपसभापति विमलेन्द्र निधिले भोटेकोशी नदीमा आएको विनाशकारी बाढीबाट प्रभावित नागरिकको उद्धार तथा राहतका लागि व्यक्तिगत तर्फबाट १ लाख १ हजार १०१ रुपैयाँ आर्थिक सहयोग प्रदान गरेका छन् ।

गत भदौ १० गते भोटेकोशी नदीमा आएको बाढीबाट ठूलो जनधनको क्षति भएपछि प्रभावितको उद्धार, राहत वितरण तथा पुनःस्थापना कार्यमा सहयोग पुऱ्याउने उद्देश्यले निधिले उक्त रकम सहयोग गरेका हुन् ।

बाढीबाट प्रभावित परिवारलाई तत्काल राहत उपलब्ध गराउनुका साथै विपद्पछिको पुनःस्थापना कार्यमा समेत सहयोग पुग्ने अपेक्षासहित उनले व्यक्तिगत रूपमा उक्त रकम प्रदान गरेको जनाइएको छ ।

विनाशकारी बाढीबाट प्रभावित नागरिकलाई सहयोग गर्न विभिन्न व्यक्ति, संघसंस्था तथा राजनीतिक व्यक्तित्वहरूले आर्थिक तथा जिन्सी सहयोग उपलब्ध गराउँदै आएका छन् । निधिको सहयोग पनि यही मानवीय अभियानअन्तर्गतको व्यक्तिगत योगदानका रूपमा रहेको छ ।

# बाढीपीडितका लागि जानकी हेल्थकेयर द्वारा ५ लाख ५१ हजार सहयोग

**खबर दर्पण समाचारदाता**
**भदौ १६ गते, बर्दिबास**

बाढीबाट प्रभावित नागरिकको राहत तथा उद्धारका लागि जनकपुरधामस्थित जानकी हेल्थकेयरले प्रधानमन्त्री दैवीप्रकोप उद्धार कोषमा ५ लाख ५१ हजार रुपैयाँ सहयोग गरेको छ ।

जानकी हेल्थकेयर जनकपुरधाम परिवारले बाढी तथा विपद्बाट प्रभावित परिवारलाई राहत पुऱ्याउने उद्देश्यले उक्त रकम कोषमा जम्मा गरेको हो । सहयोग रकम जम्मा गरिएको भौचर जानकी हेल्थकेयर परिवारका तर्फबाट धनुषाका प्रमुख जिल्ला अधिकारी प्रेमप्रसाद लुइँटेललाई हस्तान्तरण गरिएको जनाइएको छ ।

प्राकृतिक विपद्का कारण देशका विभिन्न क्षेत्रमा जनधनको क्षति भइरहेका बेला पीडितको उद्धार , राहत तथा पुनःस्थापनामा सहयोग पुगोस् भन्ने उद्देश्यले संस्थाले उक्त सहयोग गरेको हो ।

जानकी हेल्थकेयरले विपद्को यस कठिन परिस्थितिमा प्रभावित नागरिकप्रति ऐक्यबद्धता जनाउँदै आफ्नो सामाजिक उत्तर दायित्वअन्तर्गत सहयोग गरेको जनाएको छ ।

# विपद् प्रभावितका लागि मधेस प्रदेश प्रमुख कर्णको एक महिनाको पारिश्रमिक सहयोग




**खबर दर्पण समाचारदाता**
**भदौ १५ गते, जनकपुरधाम**

मधेश प्रदेशका प्रदेश प्रमुख डा. सुरेन्द्र लाभ कर्णले रसुवाको भोटेकोशी नदीमा आएको विनाशकारी बाढीबाट प्रभावित नागरिकको उद्धार, राहत तथा पुनःस्थापनाका लागि आफ्नो एक महिनाको पारिश्रमिक सहयोग गर्ने घोषणा गर्नुभएको छ ।

प्रदेश प्रमुख कार्यालय जनकपुरधामले सोमबार जारी गरेको विज्ञप्तिअनुसार प्रदेश प्रमुख कर्णले आफ्नो एक महिनाको पारिश्रमिक प्रधानमन्त्री दैवी प्रकोप उद्धार कोषमा जम्मा गर्नुहुने भएको हो ।

गत भदौ १० गते रसुवा जिल्लाको भोटेकोशी नदीमा आएको बाढीबाट ठूलो जनधनको क्षति भएको भन्दै प्रदेश प्रमुख कर्णले विपद्बाट प्रभावित नागरिकलाई सहयोग पुऱ्याउने उद्देश्यले पारिश्रमिक प्रदान गर्ने निर्णय गर्नुभएको विज्ञप्तिमा उल्लेख छ ।

बाढीबाट प्रभावित नागरिकको तत्काल उद्धार, राहत वितरण तथा विस्थापित परिवारको पुनःस्थापनामा सहयोग पुगोस् भन्ने उद्देश्यले उक्त रकम प्रदान गर्न लागिएको प्रदेश प्रमुख कार्यालयले जनाएको छ ।

प्रदेश प्रमुख कार्यालयका प्रवक्ता सञ्जीवकुमार दुब्बेद्वारा जारी विज्ञप्तिमा प्रदेश प्रमुख कर्णको सहयोगले विपद्को समयमा पीडित नागरिकप्रति ऐक्यबद्धता र मानवीय सहयोगको सन्देश प्रवाह गर्ने विश्वास व्यक्त गरिएको छ ।

यसैबीच, जनकपुरधामस्थित बलराम ज्वेलर्सका सञ्चालक बलराम साहले पनि रसुवामा आएको बाढीपहिरो तथा प्राकृतिक विपद्बाट प्रभावित नागरिकको उद्धार र राहतका लागि प्रधानमन्त्री दैवी प्रकोप उद्धार कोषमा एक लाख २५ हजार रुपियाँ सहयोग गर्नुभएको छ ।

विपद्का कारण ठूलो जनधनको क्षति भइरहेका बेला प्रभावित नागरिकको उद्धार, राहत तथा पुनःस्थापनामा सहयोग पुऱ्याउने उद्देश्यले उक्त रकम प्रदान गरिएको साहले बताउनुभयो ।

विपद्को समयमा प्रभावित नागरिकलाई सहयोग गर्नु सामाजिक दायित्व भएकाले आफ्नो तर्फबाट सहयोग गरेको उहाँले बताउनुभयो । उहाँले विपद्मा परेका नागरिकको उद्धार तथा राहतका लागि निजी क्षेत्र, व्यवसायी तथा सर्वसाधारण सबैले आ–आफ्नो क्षमताअनुसार सहयोग गर्नुपर्नेमा जोड दिनुभयो ।

रसुवालगायत विभिन्न क्षेत्रमा बाढीपहिरो तथा प्राकृतिक विपद्बाट ठूलो क्षति भएपछि प्रभावितको उद्धार, राहत तथा पुनःस्थापनाका लागि विभिन्न क्षेत्रबाट सहयोग जुट्ने क्रम जारी छ।-

## ☎☎ आवश्यक टेलिफोन नम्बरहरू ☎☎

### जनकपुर

| | |
|---|---|
| धनुषा अस्पताल तथा अनुसन्धान केन्द्र प्रा.लि. | ५२५८०० |
| जनपा वारुण यन्त्र | ५२००११ |
| एम्बुलेन्स (सरोज फाउण्डेशन) | ५२२८०६ |
| एम्बुलेन्स (मारवाडी सेवा समिति) | –५२२७६२, ५२१७८४ |
| एम्बुलेन्स (जानकी मेडिकल कलेज) | –५२६०९०, ५२६०९१ |
| महाविर युवा कमिटी ऐंबुलेंस् | २५९८० |
| कृष्णा नर्सिग होम | ५२१९१८ |
| जनकपुर मेडिकल सेन्टर | ५२०७१४ |
| जिया अल्ट्रासाउण्ड इमरजेन्सी सेन्टर | ५२३३२८ |
| जनकपुर रेल्वे | ५२०२११ |
| आँखा अस्पताल | ५२०३९७ |
| जनकपुर सुरक्षा गुल्म | ५२०१८६/५२६५८६ |
| प्रहरी | ५२००९९ |
| एम्बुलेन्स रेडक्रस | १०२ |
| जनकपुर अञ्चल अस्पताल | ५२००३३ |
| बछार प्रसुति सेवा केन्द्र | ५२२४५७ |
| विद्युत फ्युज शाखा | ५२०१५१ |
| बुद्ध एयर | ५२५०२२ |
| गोर्खा एयर | ५२१२९४ |
| सीता एयर | ५२५९९० |
| जानकी केबल टिभी नेटवर्क | ५२३७२८ |

### बर्दिवास

| | |
|---|---|
| बर्दिवास अस्पताल | ५५००९० |
| ट्राफीक प्रहरी | ५५००५५ |
| छिन्नमस्ता सशस्त्र प्रहरी गण | ५५०४०४ |
| जिल्ला खानेपानि (गौरी डाडाँ ) | ५५०००५ |
| ढल्केवर (नो लाईट) | ०४१–५६००६८ |
| सुरक्षा क्याम (रेडियो नेपाल) | ५५००२३ |
| बर्दिवास नगरपालिका | ५५००३१ |
| खानेपानि कार्यालय | ५५०११० |
| प्रहरी | ५२०१९९ |
| प्रहरी | ५२००९९ |
| बर्दिवास दुरसञ्चार | ५५०००० |
| पारिजात स्मृति अस्पताल | ५५०३७२ |
| नेपाल परिवार नियोजन संघ | ५५०१०७ |
| इलाका प्रहरी कार्यलय वर्दिवास | ५५०००६ |
| खानेपानी बर्दिवास | ५५०१४३ |
| रेडक्रस एम्बुलेन्स | ५२०१०० |
| मेरी स्टोप्स सेन्टर | ५५०१२६ |
| शूभ स्वस्तिक हस्पिटल | ५५०२५५ |
| जनसेवा हस्पिटल | ५५०४०६ |
| बर्दिवास आँखा अस्पताल | ५५०४७७ |
| इलाका प्रशासन कार्यालय वर्दिवास | ५५०६६८ |
| IRDS समाज सहकारी अस्पताल | ५५०४०१ |

### ढल्केवर

| | |
|---|---|
| खानेपानी | ९८२४८०५९५० |
| इलाका प्रहरी कार्यालय | ०४१-५६०१०० |
| प्रहरी | ५२००९९ |
| विद्युत फ्युज शाखा | ०४१-५६०१६८ |
| एम्बुलेन्स | ९८०४८६७५५४ |
| एम्बुलेन्स | ९८१५८३२०३२ |
| ओम शान्ति पोलिक्लिनिक | ०४१-५६०१५२ |

### जलेश्वर

| | |
|---|---|
| अस्पताल | ५२००७० |
| प्रहरी | ५२०००९ |
| अस्थायी प्रहरी चौकी भीठामोड | ५२०२०९ |
| एम्बुलेन्स | ५२०१०० |
| विद्युत् | ५२००६६ |
| विद्युत् | ५२०११६ |

### महेन्द्रनगर

एम्बुलेन्स
(सोसल वेलफेयर & रिसर्च सेन्टर) ४१-५४०२३२
महेन्द्रनगर,धनुषा ९८४४०२४४५०/ ९८०४८२५८६०

एम्बुलेन्स
(हिमालय युवा क्लव नक्टाभिज) ०४१-६२०४९१ ९८०४८१५१२६

इलाका प्रहरी कार्यालय महेन्द्रनगर ५४०१९९
विद्युत प्राधिकरण महेन्द्रनगर ५४०१६१

# रसुवा बाढीको छैटौं दिन: ११ हजार ३७९ ......

नेपाली सेना, सशस्त्र प्रहरी र नेपाल प्रहरी गरी ९० जनाको टोली खोज तथा उद्धारमा खटिएको छ ।

नेपाल विद्युत् प्राधिकरणको टोलीले पनि उद्धार कार्यमा सहयोग गरिरहेको छ ।

माथिल्लो त्रिशूली-३ बी आयोजनाबाट नेपाली सेनाले दुई जनाको उद्धार गरिसकेको छ ।

आयोजनामा थप नौ जना सैनिक परिचालन गरी कुल ३१ जना खोज तथा उद्धारमा खटाइएको छ । चिनियाँ उद्धार टोलीले रेकी गरेपछि नेपाली सेनाले खोजी सुरु गरेको हो ।

त्यस्तै, त्रिशूली जलविद्युत् आयोजनाबाट तीन जना, सौर्य आयोजनाबाट चार जना र देवीघाट जलविद्युत् आयोजनाबाट चार जनाको उद्धार गरिएको सरकारले जनाएको छ ।

### ९३९ शव फेला

बाढी तथा पहिरोमा परी ज्यान गुमाएका र पहिचान हुन नसकेका व्यक्तिको शव व्यवस्थापन वैज्ञानिक प्रक्रियाबाट भइरहेको सरकारले जनाएको छ ।

हालसम्म ९३९ जनाको शव फेला परेको प्रधानमन्त्री शाहले बताएका छन् । पहिचान भएका शव आफन्तको जिम्मा लगाउने प्रक्रिया जारी छ ।

पहिचान हुन नसकेका तथा बेवारिसे शव व्यवस्थापनसम्बन्धी २०८३ को निर्देशिकाअनुसार शव व्यवस्थापन भइरहेको जनाइएको छ ।

पहिचान हुन नसक्ने अवस्थामा भेटिएका शवबाट डीएनए लगायत पहिचान खुलाउन सहयोग पुग्ने आधार सुरक्षित राखेर व्यवस्थापन गर्ने प्रक्रिया अपनाइएको सरकारले जनाएको छ ।

### 'हिमालय क्षेत्रकै ठूलो विपत्ति'

प्रधानमन्त्री शाहले भोटेकोशीमा आएको बाढीलाई सामान्य बाढीको घटनाका रूपमा मात्रै नहेर्न आग्रह गरेका छन् ।

हिमालय क्षेत्रमा हिउँ तथा चट्टानको हिमपहिरोबाट सिर्जित यस प्रकारको विपत्ति यस क्षेत्रकै ठूलो विपत्तिमध्ये एक भएको उनको भनाइ छ ।

उनले जलवायु परिवर्तनका कारण हिमालय क्षेत्रमा आगामी दिनमा यस्ता जोखिम थप बढ्न सक्ने संकेतका रूपमा घटनालाई लिनुपर्ने बताएका छन् ।

साथै, नेपालले जलवायु परिवर्तनका कारण भोगिरहेको विपद्को विषय अन्तर्राष्ट्रिय समुदायसमक्ष थप बलियो ढंगले उठाउनुपर्ने आवश्यकता औँल्याएका छन् ।

### खोज र उद्धारपछि पुन:स्थापनाको तयारी

सरकारले तत्कालीन खोज तथा उद्धारसँगै अब प्रभावित नागरिकको पुन:स्थापनाका लागि समेत तयारी थालेको जनाएको छ । स्थानीय सरकारसँगको समन्वयमा प्रभावित नागरिकको संख्या, घर तथा भौतिक संरचनामा भएको क्षति र अन्य विवरण संकलन सुरु गरिएको छ ।

बाढीबाट हजारौँ नागरिकले घर, परिवार, आफन्त र सम्पत्ति गुमाएको उल्लेख गर्दै प्रधानमन्त्री शाहले प्रभावित नागरिकको पीडा सरकारले गम्भीरतापूर्वक बुझेको बताएका छन् ।

प्रभावित नागरिकलाई मानसिक तथा शारीरिक रूपमा सशक्त बनाउँदै पुन:स्थापना गरी सामान्य जनजीवनमा फर्काउने कार्य अबको प्रमुख जिम्मेवारी भएको सरकारको भनाइ छ ।

पुन:स्थापनाका लागि आवश्यक आर्थिक स्रोत जुटाउने प्रक्रिया पनि समानान्तर रूपमा अघि बढिरहेको जनाइएको छ ।

सरकारले उद्धार, राहत र पुन:स्थापनाको काममा संघ, प्रदेश र स्थानीय तहबीच निरन्तर समन्वय कायम राख्ने तथा मित्रराष्ट्र, स्वदेशी-विदेशी संघसंस्था, सञ्चारमाध्यम र नागरिक समाजको सहयोगलाई समेत प्रभावकारी रूपमा परिचालन गर्ने जनाएको छ ।

# महोत्तरी कारागारबाट बाढीपीडितलाई राहत

**खबर दर्पण समाचारदाता**

**भदौ १५ गते, बर्दिवास**

भोटेकोशीको विनाशकारी बाढीबाट जनधनको क्षति बेहोरेका रसुवा लगायतका पीडितहरुका लागि महोत्तरी कारागारका कैदीबन्दीहरुले आज एक लाख एक हजार एकसय पाँच रुपैया राहत प्रदान गरेका छन् ।

जिल्ला सदरमुकाम जलेश्वरमा अवस्थित जलेश्वर कारागारमा कैदी जीवन बिताउँदै आएका ४५६ जना कैदीबन्दीहरुले आफू कारागारमा रहेर दु:खी जीवन बिताउँदै आएपनि रसुवाका विनाशकारी बाढीबाट दु:खी भएका परिवारलाई राहत स्वरुप सम्पूर्ण कैदीहरुको तर्फबाट एक लाख एक हजार एकसय पाँच रुपैया राहत प्रदान गरिएको जेलर अशोककुमार क्षेत्रीले बताउनुभयो ।

जलेश्वर कारागारका भित्री प्रशासन प्रमुख चन्द्रदीप यादवको अगुवाई एवम् चौकीदार नाईके संजय साह पहलमा सम्पूर्ण कैदीबन्दीहरुको स्वेच्छिक चन्दा संकलन गरेर बाढीपीडितहरुका लागि राहत भनेर आज जलेश्वर स्थित राष्ट्रिय बाणिज्य बैंक मार्फत प्रधानमन्त्री दैवी प्रकोप उद्धार कोषमा रु.१ लाख १ हजार १०५ रुपैया जम्मा गरिएको कारागार कार्यालय महोत्तरीका खरिदार र विनचन्द्र ठाकुरले बताउनुभयो ।

कैदीहरु नारायण थापा र पवन लामाले आफूहरु सम्पूर्ण कैदीबन्दीहरुलाई यस बाढीले देश र देशबासीहरुलाई पुऱ्याएको क्षति अपूर्णीय रहेको बताउँदै सम्पूर्ण कैदीहरुको तर्फबाट सानो सहयोग स्वरुप रु.१ लाख १ हजार १०५ रुपैया प्रदान गरेको बताए ।

यसैबीच कारागारका जेलर क्षेत्रीले महोत्तरी कारागारका कैदीबन्दीहरुले बाढीपीडितहरुको लागि आर्थिक सहयोग गरेर उनीहरुको घाउमा मल्हम लगाउने काम गरेको र कैदीबन्दीको यस रहत प्रदान गरेको कार्यले जलेश्वर कारागार तथा कैदीबन्दीहरुको जीवनलाई गर्व गर्ने लायक बनाएको बताउनुभयो ।

भोटेकोशीका बाढीपीडितका लागि महोत्तरीको सदरमुकाम जलेश्वर बाट कैदीबन्दीहरुले पनि राहत पठाएको सम्भवत् देशभरिमै कैदीबन्दीहरुको तर्फबाट यो पहिलो राहत हो ।

सामाजिक तथा सांस्कृतिक सद्भाव कायम राखौं

- सबै जाति, धर्म, भाषा, संस्कृति र परम्पराको सम्मान गरौं,
- विविधतामा एकता नेपालको पहिचान हो भन्ने भावना विकास गरौं,
- आपसी सम्मान, सहिष्णुता र भाइचाराको सम्बन्ध बलियो बनाऔं,
- सामाजिक विभेद, घृणा र भेदभाव अन्त्य गर्न योगदान दिऔं,
- चाडपर्व, संस्कार र संस्कृतिलाई सद्भावपूर्वक मनाऔं,
- अफवाह, द्वेषपूर्ण सूचना र गलत प्रचारबाट सचेत बनौं,
- संवाद, सहकार्य र समझदारीबाट समस्या समाधान गरौं,
- समावेशी, शान्तिपूर्ण र सभ्य समाज निर्माणमा योगदान दिऔं।

सामाजिक तथा सांस्कृतिक सद्भाव, समुन्नत समाजको आधार

लक्ष्मीनियाँ गाउँपालिका, धनुषा

सर्पको टोकाइबाट बचौं र बचाऔं

- आफ्नो नजिक सर्पदंश उपचार केन्द्र कहाँ छ ? जानकारी राखौं,
- सर्पले डसेका व्यक्ति आत्तिन सक्छन्, सान्त्वना दिऔं,
- सर्पले डसेका व्यक्तिलाई तुरुन्त अस्पताल वा सर्पदंश उपचार केन्द्र पुऱ्याऔं,
- झारफूकलगायतका गलत परम्परागत उपचार विधितिर नलागौं,
- घरवरपरका सर्प बस्नसक्ने सम्भावित ठाउँको पहिचान गरी व्यवस्थापन गरौं,
- रातको समयमा बुट लगाएर टर्च लाईट बालेर हिड्ने गरौं,
- घरमा सर्प छिर्न सक्ने प्वालहरु बन्द गरौं,
- झुल लगाएर खाटमा सुत्ने गरौं।

गणेशमान चारनाथ नगरपालिका, धनुषा



# तीजको दर कार्यक्रम नगरी एकादशी महिला समूहले बाढीपीडितलाई ५५ हजार सहयोग

खबर दर्पण समाचारदाता

**भदौ १५ गते, बर्दिवास**



बर्दिबास नगरपालिका-१ सङ्गम टोलस्थित ४२ सदस्यीय एकादशी महिला समूहले भोटेकोशी क्षेत्रमा आएको बाढीबाट प्रभावित तथा पीडित परिवारका लागि रु. ५५ हजार सहयोग गरेको छ । समूहकी अध्यक्ष मिना पोखरेलको नेतृत्वमा उक्त सहयोग रकम प्रदान गरिएको हो ।

समूहले यस वर्ष तीजको अवसरमा आयोजना गरिने दर कार्यक्रम नगरी त्यसका लागि छुट्याइएको रकम बाढीपीडितको राहत तथा सहयोगका लागि प्रदान गर्ने निर्णय गरेको जनाएको छ । विपद्का कारण प्रभावित परिवारले कठिन परिस्थितिको सामना गरिरहेको अवस्थामा आफ्नो खुसी र मनोरञ्जनका लागि खर्च गरिने रकमलाई पीडितको सहयोगमा लगाउने निर्णय गरिएको समूहले जनाएको छ ।

विपद्को समयमा पीडित परिवारलाई केही राहत पुगोस् भन्ने उद्देश्यले गरिएको उक्त सहयोगले सामाजिक उत्तरदायित्व, मानवीय भावना र आपसी एकताको सकारात्मक सन्देश दिएको छ ।

एकादशी महिला समूहको यस सहयोगले स्थानीयस्तरमा सामाजिक सेवा तथा मानवीय सहयोगको भावना अझ बलियो बनाउन योगदान पुग्ने अपेक्षा गरिएको छ ।

# ग्लोबल एकेडेमी बर्दिबास परिवारद्वारा बाढीपीडितका लागि रु. १ लाख २३ हजार ४ सय ५६ सहयोग

जीवनराज दाहाल

**भदौ १५ गते, बर्दिवास**

भोटेकोसी क्षेत्रमा आएको बाढीबाट प्रभावित तथा पीडित परिवारको राहत र पुनःस्थापनामा सहयोग पुगोस् भन्ने उद्देश्यले बर्दिबासस्थित ग्लोबल एकेडेमी परिवारले रु. १ लाख २३ हजार ४ सय ५६ सहयोग गरेको छ ।

ग्लोबल एकेडेमी परिवारले विपद्का कारण समस्यामा परेका नागरिकप्रति ऐक्यबद्धता जनाउँदै उक्त रकम प्रधानमन्त्री दैवी प्रकोप उद्धार कोषमा सहयोगस्वरूप प्रदान गरेको हो । बाढीबाट ठूलो जनधनको क्षति भएको र प्रभावित परिवारहरू कठिन परिस्थितिबाट गुज्रिरहेका बेला राहत तथा उद्धार कार्यमा सहयोग पुऱ्याउने उद्देश्यले रकम उपलब्ध गराइएको विद्यालय परिवारले जनाएको छ ।

शैक्षिक गतिविधिसँगै सामाजिक उत्तरदायित्वलाई समेत प्राथमिकता दिँदै आएको ग्लोबल एकेडेमीले विपद्को समयमा पीडितको साथमा उभिनु आफ्नो सामाजिक दायित्व भएको जनाएको छ। विद्यालय परिवारको यो सहयोगले बाढीपीडित परिवारको राहतमा केही योगदान पुग्ने अपेक्षा गरिएको छ ।

विपद्का बेला सबै क्षेत्रबाट प्राप्त हुने सहयोगले प्रभावित परिवारलाई राहत दिन तथा उद्धार र पुनःस्थापनाका कार्यलाई थप प्रभावकारी बनाउन सहयोग पुग्ने विश्वास गरिएको छ । ग्लोबल एकेडेमी परिवारको सहयोगले पनि पीडितप्रति मानवीय संवेदना र सामाजिक जिम्मेवारीको भावना प्रस्तुत गरेको छ ।


## सामाजिक तथा सांस्कृतिक सद्भाव कायम राखौं

- सबै जाति, धर्म, भाषा, संस्कृति र परम्पराको सम्मान गरौं,
- विविधतामा एकता नेपालको पहिचान हो भन्ने भावना विकास गरौं,
- आपसी सम्मान, सहिष्णुता र भाइचाराको सम्बन्ध बलियो बनाऔं,
- सामाजिक विभेद, घृणा र भेदभाव अन्त्य गर्न योगदान दिऔं,
- चाडपर्व, संस्कार र संस्कृतिलाई सद्भावपूर्वक मनाऔं,
- अफवाह, द्वेषपूर्ण सूचना र गलत प्रचारबाट सचेत बनौं,
- संवाद, सहकार्य र समझदारीबाट समस्या समाधान गरौं,
- समावेशी, शान्तिपूर्ण र सभ्य समाज निर्माणमा योगदान दिऔं।

**सामाजिक तथा सांस्कृतिक सद्भाव, समुन्नत समाजको आधार**

**मुखियापट्टी मुसरनिया गाउँपालिका, धनुषा**

## सर्पको टोकाइबाट बचौं र बचाऔं

- आफ्नो नजिक सर्पदंश उपचार केन्द्र कहाँ छ ? जानकारी राखौं,
- सर्पले डसेका व्यक्ति आत्तिन सक्छन्, सान्त्वना दिऔं,
- सर्पले डसेका व्यक्तिलाई तुरुन्त अस्पताल वा सर्पदंश उपचार केन्द्र पुऱ्याऔं,
- झारफूकलगायतका गलत परम्परागत उपचार विधितिर नलागौं,
- घरवरपरका सर्प बस्नसक्ने सम्भावित ठाउँको पहिचान गरी व्यवस्थापन गरौं,
- रातको समयमा बुट लगाएर टर्च लाईट बालेर हिड्ने गरौं,
- घरमा सर्प छिर्न सक्ने प्वालहरु बन्द गरौं,
- झुल लगाएर खाटमा सुत्ने गरौं।

**धनुषाधाम नगरपालिका, धनुषा**

## सचेत उपभोक्ता बनौं

**सामान खरिद गर्दा देहायका बिषय एकिन गरौः**

- उत्पादकको नाम, ठेगाना र दर्ता नम्बर,
- वस्तुको उत्पादन मिति र उपभोग गरिसक्नुपर्ने मिति,
- आयातित वस्तुको हकमा आयातकर्ताको नाम, ठेगाना,
- वस्तुमा भएको मिश्रण, तौल र परिमाण,
- वस्तुको अधिकतम् बिक्री मूल्य,
- गुणस्तर निर्धारण भएको वस्तुको हकमा त्यस्तो वस्तुको गुणस्तर,
- वस्तुको प्रयोग गर्ने तरीका र प्रयोग गर्नु पूर्वको सावधानी।

**सामान खरिद गर्दा सकेसम्म बैंकिङ माध्यमबाट भुक्तानी गरौं**

**भुक्तानी गरेको मूल्य बराबरको विल लिऔं**

**रामगोपालपुर नगरपालिका, महोत्तरी**

## स्वच्छ शहरः स्वस्थ्य शहर

- धुवाँ बढी फाल्ने सवारी साधनको प्रयोग नगरौं,
- सवारी साधनको समय-समयमा मर्मतसम्भार गरौं,
- तोकिएको स्थानमा मात्र फोहोर फालौं,
- नदी किनार, सडक छेउ र सार्वजनिक स्थानमा वृक्षारोपण गरौं,
- सार्वजनिक स्थलका बोट-बिरुवा तथा फलफूलको संरक्षण गरौं,
- ध्वनि र वायु प्रदुषण कम गरौं,
- सडकको समय-समयमा मर्मतसम्भार गरौं,
- सडकमा निर्माण सामग्री नराखौं।

**शहरलाई सफा राखौः सुन्दर बनाऔं।**

**गौशाला नगरपालिका, महोत्तरी**

## बर्डफ्लुजन्य जोखिमबाट सुरक्षित बनौं

- कुखुरा तथा पन्छीपालनमा सुरक्षा तथा सावधानीका उपाय अपनाऔं,
- अस्वस्थ वा मरेका पन्छीको सम्पर्कबाट टाढा रहौं,
- पन्छी छोएपछि साबुनपानीले राम्रोसँग हात धुने बानी बसालौं,
- कुखुरा तथा अण्डा राम्ररी पकाएर मात्र खाने गरौं,
- पन्छीपालन क्षेत्र र वरपरको वातावरण सफा राखौं,
- शंकास्पद लक्षण देखिए वा पन्छी मरेमा सम्बन्धित निकायलाई जानकारी गराऔं,
- पन्छीको अवैध ओसारपसार र बिक्री वितरण रोक्न सहयोग गरौं,
- स्वास्थ्य सुरक्षाका उपाय अपनाई रोगको जोखिम घटाऔं।

**सावधानी अपनाऔं, बर्डफ्लुको जोखिम घटाऔं**

**मटिहानी नगरपालिका, महोत्तरी**

## कृषि उत्पादनमा आत्मनिर्भर बनौं

- आधुनिक प्रविधिको प्रयोग गरी कृषि उत्पादन वृद्धि गरौं,
- कृषकलाई आवश्यक मल, बीउ समयमै उपलब्ध गराऔं,
- स्थानीय उत्पादनलाई बजारसम्म पुऱ्याउन बजार संयन्त्रको विकास गरौं,
- कृषकलाई सीप, तालिम र सहुलियतपूर्ण ऋण उपलब्ध गराऔं,
- जमिनको संरक्षण गरौं, खेतीयोग्य भूमिको सदुपयोग गरौं,
- कृषि उत्पादन बढाऔं र कृषि उपजमा आत्मनिर्भर बनौं,
- नवीन प्रविधि र अवसर उपलब्ध गराई युवाहरूलाई कृषिमा आकर्षित गरौं।

**कृषि पेशा प्रति सम्मान र गौरव गरौं।**

**औरही नगरपालिका, महोत्तरी**


खबर दर्पण राष्ट्रिय दैनिक प्रकाशनका लागि प्रकाशक/सम्पादक : अजय कुमार साह, (९८४४०२५१८४) कार्यकारी सम्पादक : विशाल बस्नेत (९८६३६३२९८९)
उप-सम्पादक : धर्मेन्द्र कुमार यादव 'यदुवंशी' (९८५४०२९०५३) E-mail : khabardarpan.news@gmail.com / ajay.shahjnk@gmail.com
प्रधान कार्यालय : बर्दिबास -३, महोत्तरी र शाखा कार्यालय क्षीनपा - ५ महेन्द्रनगर , धनुषा मुद्रक : एएसडी अफसेट प्रेस क्षीनपा-५ महेन्द्रनगर धनुषा,